# जिल्ला विकास समिति महासंघ नेपाल

## लैङ्गिक समानता उपसमिति

## कार्य सञ्चालन निर्देशिका, २०५९

जिल्ला विकास समिति महासंघ नेपाल
कोपुण्डोल, ललितपुर
५५२४७१८, ५२४९०१

कार्यसमितिवाट पारित मिति : ०५९।१२।१८

निर्देशिका लागु हुने मिति : ०५९।१२।१८

# जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिको कार्य सञ्चालन निर्देशिका, २०५९

**प्रस्तावना :**

मुलुकको सर्बाङ्गिण विकास, समतामुलक समाज र सामाजिक न्यायको प्रत्याभूतिका लागि नारी पुरुषको सम विकास अनिवार्य शर्तको रुपमा रहेको हुन्छ । महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुलन सम्वन्धी संयुक्त राष्ट्र संघको सन्धीपत्र सबभन्दा महत्वपुर्ण दस्तावेजको रुपमा रहेको छ । यो सन्धीपत्रलाई नेपालले बिनाशर्त हस्ताक्षर गरी स्विकार गरि सकेको छ र यो सन्धीपत्र पनि राज्यको कानूनको रुपमा लागु रहेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को समानताको हक अन्तरगत सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने उल्लेख भएको छ । त्यसै गरी राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । तर महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रुपले असक्त ब्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न सकिनेछ भन्ने कुराको उल्लेख भएको छ । त्यसै गरी राज्यका नीतिहरु अन्तरगत महिला वर्गको लागि शिक्षा, स्वास्थ्य र रोजगारको बिशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने विशेष व्यवस्था गरिएको छ ।

यसरी अन्तराष्ट्रिय अवधारणा, कानून, नेपाल अधिराज्यको संविधान, २०४७ को प्रावधानका अलावा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय शासनमा लैङ्गिक हिसावले हाम्रो समाजमा पछि परेका महिला वर्गको हक, हित र विकासका लागि कतिपय सकारात्मक व्यवस्थाहरु गरेको छ तथापि ती प्रावधानहरु प्रयाप्त भने मान्न सकिने अवस्था छैन् । आज भएका सकारात्मक व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा थप सकारात्मक व्यवस्थाको लागि पहल अति आवश्यक हुन आएको छ । नेपाल अधिराज्यका सवै जिल्ला विकास समितिको प्रतिनिधिमूलक संस्थाको रुपमा जिल्ला विकास समिति महासंघ नेपाल रहेको र प्रजातन्त्र, बिकेन्द्रीकरण र स्थानिय विकास महासंघको कार्यक्षेत्र भएकोले स्थानीय शासन तथा विकासमा लैङ्गिक मूलप्रवाहिकणका लागि पहल गर्नुपर्ने अहम जिम्मेवारी महासंघका सामु आईपरेको छ ।

यही जिम्मेवारीलाई आत्मसात गर्दै स्थानीय तहमा स्थानीय स्वायत्त शासन ऐनको भावना अनुसार लैङ्गिक समानता तथा मूलप्रवाहिकरणलाई संस्थागत विकास गर्न विभिन्न चरणमा सरोकारवालाहरुसंग परामर्श गरी सुझावहरु प्राप्त भएका थिए । यसै सुझावका आधारमा जिविस महासंघ नेपालले निम्न दुई तहमा कार्य गर्नुपर्ने दिशा निर्देश प्राप्त भएको छ ।

१) जिल्ला विकास समिति महासंघ नेपालको आफ्नै संरचना, नीति तथा कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहिकरण गर्दै जाने ।

२) स्थानीय शासनमा महिला प्रतिनिधित्व बढाउन तथा प्रभावकारी तुल्याउन सदस्य जिल्ला विकास समिति र स्थानीय सरकारहरुलाई सहयोग गर्ने ।

यसैको प्रयास स्वरुप जिल्ला विकास समिति महासंघ नेपालको संरचना, नीति तथा कार्यक्रममा लैङ्गिक मूलप्रवाहिकरण गर्ने उद्देश्यले जिल्ला विकास समिति महासंघ नेपालको आठौं परिषदबाट जिविस महासंघ नेपालको विधान, २०५२ मा पहिलो संशोधन गरी जिल्ला विकास समिति महासंघ नेपालको

राष्ट्रिय परिषदमा प्रत्येक सदस्य जिल्ला विकास समितिहरुबाट कम्तिमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी सुनिश्चित गरिएको छ ।

साथै जिल्ला विकास समिति महासंघ नेपालको २०५८ चैत्र ७ गते बसेको एक्काईसौं पूर्ण बैठकबाट स्थानीय शासनमा महिलाको प्रतिनिधित्व र सहभागितालाई प्रभावकारी तुल्याउन जिल्ला विकास समिति महासंघको कार्यमा सहयोग पुऱ्याउने उद्धेश्यले जिल्ला विकास समिति महासंघ नेपाल अन्तरगत एक लैङ्गिक समानता उपसमिति गठन गर्ने निर्णय भए अनुसार लैङ्गिक समानता उपसमितिको गठन भएको थियो । लैङ्गिक समानता उपसमितिको २०५९ साल माघ १३ गते वसेको बैठकमा जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिको कार्य संचालन निर्देशिका, २०५९ को मस्यौदामाथि छलफल भई राय सुझावसहित कार्यसमितिलाई अनुमोदनका लागि पठाउने निर्णय भए अनुसार जिल्ला विकास समिति महासंघ नेपालको मिति २०५९/१२/१८ गते वसेको बैठकवाट यो **"जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिको कार्य संचालन निर्देशिका, २०५९"** पारित गरि जारी गरिएको छ ।

# परिच्छेद - १

# प्रारम्भिक

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

१) यस निर्देशिकाको नाम "जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिको कार्य संचालन निर्देशिका २०५९" रहेको छ । संक्षिप्तमा यस निर्देशिकालाई "लैङ्गिक समानता उपसमितिको कार्य संचालन निर्देशिका, २०५९" भनिनेछ ।

२) यो निर्देशिका जिल्ला विकास समिति महासंघ नेपालको कार्य समितिले तोकेको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "महासंघ" भन्नाले जिल्ला विकास समिति महासंघ नेपाललाई जनाउनेछ ।

ख) "निर्देशिका" भन्नाले "जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिको कार्य संचालन निर्देशिका, २०५९" लाई जनाउनेछ ।

ग) "उपसमिति" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको लैङ्गिक समानता उपसमितिलाई जनाउनेछ ।

घ) "संयोजक" भन्नाले लैङ्गिक समानता उपसमितिको संयोजकलाई जनाउनेछ ।

ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले महासंघको कार्यसमिति वा यो निर्देशिका र अन्तरगत बनेका नियम वा लैङ्गिक समानता उपसमितिको बैठकले तोकेको वा तोके बमोजिम भन्ने सम्झनु पर्नेछ ।

च) "सचिवालय" भन्नाले जिविस महासंघको सचिवालयलाई सम्झनु पर्नेछ ।

छ) "सदस्य" भन्नाले यस निर्देशिकाको नं. ४ (२) बमोजिमका उपसमितिका सदस्यहरुलाई जनाउनेछ ।

ज) “सचिव” भन्नाले लैङ्गिक समानता उपसमितिको सचिवलाई सम्झनु पर्नेछ ।

## परिच्छेद - २

## उद्देश्य

### ३. उपसमिति गठनको उद्देश्य

यस उपसमितिको गठनको उद्देश्य देहाय बमोजिम रहेको छ :-

क) महासंघको लैङ्गिक समानता तथा मूलप्रवाहिकरण कार्यलाई गतिशिल र थप प्रभावकारी तुल्याउने ।

ख) स्थानीय शासनमा महिला प्रतिनिधित्व र सहभागिता बढाउन तथा प्रभावकारी तुल्याउन सदस्य जिल्ला विकास समिति र स्थानीय सरकारहरुलाई आवश्यक सहयोग पुऱ्याउने ।

## परिच्छेद - ३

## उपसमितिको गठन तथा सदस्यहरु पदावधि

### ४. लैङ्गिक समानता उपसमितिको गठन

जिल्ला विकास समिति महासंघ नेपालको विधान, २०५२ को दफा २४ अनुसार लैङ्गिक समानता उपसमितिको गठन देहाय बमोजिम गरिनेछ ।

| | | |
|---|---|---|
| १. | जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिले तोकेको कार्यसमितिका सदस्य मध्येबाट एक (१) जना | संयोजक |
| २. | कार्यसमितिले तोकेका प्रत्येक विकास क्षेत्रबाट कम्तिमा एक जना पर्ने गरी जिविस महासंघ परिषद सदस्य हुन योग्यता प्राप्त ब्यक्तिहरु मध्येबाट जम्मा दश (१०) जना | सदस्य |
| ३. | जिविस महासंघका कार्यकारी महासचिवले महासंघका कर्मचारीहरुमध्येबाट तोकेको एक (१) जना कर्मचारी | सचिव |

### ५. सदस्यहरुको पदावधी

१. उपसमितिका सदस्यहरुको पदावधी बढीमा दुई बर्ष छ महिनाको हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको समयमा जिल्ला विकास समिति महासंघ नेपालको परिषद सदस्यहरुको कार्यकाल समाप्त भएको अवस्थामा महासंघको कार्य समितिले उपसमितिका सदस्यहरुको पदावधी अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि बढाउन सक्नेछ ।

३. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सदस्यको पदावधी समाप्त हुनु अगावै नयां निर्वाचन सम्पन्न भएमा सदस्यको पदावधी स्वतहः समाप्त भएको मानिनेछ ।

### ६. पद त्याग गर्न सक्ने

संयोजकले जिल्ला विकास समिति महासंघका अध्यक्ष मार्फत जिविस महसंघ समक्ष र सदस्यहरुले उपसमितिका संयोजक समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन ।

### ७. सदस्यता नरहने

देहायको अवस्थामा उपसमितिका सदस्यहरुको सदस्यता कायम रहने छैन ।

१. मृत्यु भएमा ।

२. मानासिक असन्तुलन भएमा ।

३. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहर भएमा ।

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

५. बिना सूचना नियमित तीन पटकसम्म बैठकमा अनुपस्थित रहेमा ।

६. राजिनामा स्विकृत भएमा ।

७. अन्य प्रचलित कानूनले अयोग्य ठहर गरेमा ।

## परिच्छेद - ४

## उपसमितिको काम, कर्तव्य र अधिकारहरु

### ८. उपसमितिको काम, कर्तव्य तथा अधिकारहरु

उपसमितिको काम, कर्तव्य तथा अधिकारहरु देहाय वमोजिम हुनेछन् :-

१. स्थानीय सरकारमा लैङ्गिक समानता, महिला–पुरुष समविकासका अवधारणा तथा स्थानीय शासनमा महिला प्रतिनिधित्व तथा यस संग सम्वधित अनुभवहरु सम्पूर्ण जिल्ला विकास समितिहरु वा तोकिएका अन्य निकाय वा सरोकारवाला ब्यक्तिहरुवीच आदान प्रदान गर्ने ।

२. स्थानीय शासनमा लैङ्गिक समानता स्थापना गर्न तथा महिला, वालवालिका र पिछडिएका वर्गको सशक्तिकरणका कार्य लगायत स्थानीय स्तरमा जनसमुदायलाई परिचालन गर्ने कार्यमा सदस्य जिल्ला विकास समितिहरुलाई सहयोग गर्ने ।

३. स्थानीय निकायका सवै तहका निर्णय प्रकृया, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृयालाई लैङ्गिक रुपमा सम्वेदनसिल बनाउनका लागि र यस कार्यमा स्थानीय निकायको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न विभिन्न खाले सहयोग गर्ने ।

४. स्थानीय निकायको कार्यमा सहयोग पुऱ्याउन विभिन्न निकाय वा ब्यक्तिहरुवीच समन्वय तथा संजाल स्थापना गर्ने कार्यमा सहयोग गर्ने ।

५. लैङ्गिक समानता सम्वन्धी रणनीति तथा कार्यक्रमहरु तय गर्न जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिलाई नीतिगत र कार्यगत विषयमा राय सूझाव तथा सल्लाह उपलव्ध गराउने ।

६. सम्वन्धित क्षेत्रहरुमा योजना तर्जुमा गर्दा लैङ्गिक संवेदनशिल भए नभएको अनुगमन गर्ने गराउने कार्यमा महासंघलाई सहयोग गर्ने ।

७. जिल्ला विकास समिति महासंघ नेपालले लैङ्गिक समानता सम्वन्धी गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने कामका जिविस महासंघलाई सहयोग गर्ने ।

## ९. उपसमितिको संयोजकको काम, कर्तव्य र अधिकार

१. उपसमितिको बैठक बोलाउन सचिवालयसंग समन्वय गर्ने ।

२. उपसमितिको बैठकमा प्रतिवेदन र प्रस्ताव पेश गर्ने, गराउने ।

३. जिल्ला विकास समिति महासंघ नेपालको बार्षिक कार्यक्रम तर्जुमा गर्दा राय तथा सुझाव उपलव्ध गराउने ।

४. उपसमितिका निर्णयहरु कार्यान्वयन गर्न पहल गर्ने ।

५. अन्य सदस्यहरुको कार्यको विभाजन गर्ने र सोको अनुगमन तथा रेखदेख गर्ने, गराउने ।

६. कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## १०. सदस्यको काम, कर्तव्य र अधिकार

उपसमितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. उपसमितिले तोकेको बिषयसंग सम्वन्धित कामहरु गर्ने,

२. आफ्नो जिम्मामा रहेको कामहरुको प्रगति सम्वन्धमा समय समयमा उप समिति समक्ष प्रतिवेदन पेश गर्ने,

३. संयोजकले तोकि दिएका अन्य कामहरु गर्ने ।

## ११. सचिवको काम, कर्तव्य र अधिकार

१. उपसमितिको बैठकमा सचिव भई काम गर्ने ।

२. उपसमितिका निर्णयहरु कार्यान्वयन गर्न सहयोग तथा समन्वय गर्ने ।

३. उपसमितिको प्रगति प्रतिवेदन तयार गर्न संयोजकलाई सहयोग गर्ने ।

४. उपसमितिको प्रशासनिक व्यवस्था मिलाउने ।

५. उपसमितिलाई आवश्यकता अनुसार विशेषज्ञ राय उपलव्ध गराउने ।

# परिच्छेद - ५

# उपसमितिको बैठक तथा कार्य प्रणाली

**१२. उपसमितिको बैठक**

१. उपसमितिको बैठक कम्तिमा बर्षको तीन पटक बस्नेछ ।

२. महासंघको सचिवालयको सहमतिमा संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

३. उपसमितिको बैठकमा ५० प्रतिशत सदस्यको उपस्थितिलाई गणपुरक संख्या भएको मानिनेछ ।

४. उपसमितिको बैठकको अध्यक्षता उपसमितिका संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

**१३. बैठकको निर्णय**

१. बैठकमा उपस्थित सदस्यहरुको सर्वसम्मतिको आधारमा बैठकको निर्णय गर्ने प्रचलनलाई संस्थागत गर्न पहल गरिनेछ । उपसमितिको बैठकको निर्णय सर्वसम्मत हुन नसके मात्र उपस्थित सदस्यहरुको बहुमतको आधारमा निर्णय गरिनेछ ।

२. उपसमितिको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछ ।

३. उपसमितिको बैठकको निर्णयहरु बैठकको अध्यक्षता गर्ने ब्यक्तिले प्रमाणित गर्नेछ ।

४. सचिवले मतदानमा भाग लिन पाउने छैन ।

## परिच्छेद - ६

## विविध

**१४. कार्य समितिको निर्णय निर्देशिकाको भाग हुने** : यो निर्देशिका जारी भएपछि महासंघको कार्य समितिले बेलावेलामा लैङ्गिक समानताका विषयमा गरेका निर्णय तथा दिएका निर्देशनहरु यसै निर्देशिकाको भाग हुनेछन् ।

**१५. निर्देशिकाको व्याख्या र संशोधन** : १) यस निर्देशिकको व्याख्या सम्वन्धी प्रश्न उठेमा महासंघको कार्यसमितिले निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

२) यस निर्देशिकाको कार्यान्वयन गर्ने सम्वन्धमा कुनै वाधा अडकाउँ आई परेमा सोको निरुपणका लागि जिल्ला विकास समिति महासंघको कार्यसमितिले उपसमितिका सदस्यहरुको राय सल्लाह र परामर्शमा वाधा अडकाउँ फुकाउन सक्नेछ ।

३) महासंघको कार्य समितिले उपसमितिका सदस्यहरुको राय सल्लाहमा यस निर्देशिकामा समसामयिक संशोधन गर्न सक्नेछ ।

**१६. पहिले भएका निर्णय यसै निर्देशिका वमोजिम भएको मान्नुपर्ने** : यो निर्देशिका लागु हुनु भन्दा पहिले उपसमितिको बैठकले गरेका निर्णयहरु यसै निर्देशिका वमोजिम भएको मान्नु पर्नेछ ।